मितिः २०८० साल जेठ ०३ गते बुधबार                                                    बैठक नं. २०

स्थानः माछापुच्छ्रे गाउँपालिकाको सभाहल।

बैठकः गाउँ कार्यपालिकाको बैठक।

अध्यक्षताः श्री मिन बहादुर गुरुङ्ग, गाउँपालिका अध्यक्ष, माछापुच्छ्रे गाउँपालिका

उपस्थितिः

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री मिन बहादुर गुरुङ | अध्यक्ष |
| | श्री सीता अधिकारी | उपाध्यक्ष |
| | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री इन्द्र गुरुङ | वडा अध्यक्ष, वडा नं १ |
| | श्री गणेश आचार्य | वडा अध्यक्ष, वडा नं २ |
| | श्री हरिश्चन्द्र लम्साल | वडा अध्यक्ष, वडा नं ३ |
| | श्री मधुसुधन अधिकारी | वडा अध्यक्ष, वडा नं ४ |
| | श्री नारायण प्रसाद पौडेल | वडा अध्यक्ष, वडा नं ५ |
| | श्री टेकनाथ गौतम | वडा अध्यक्ष, वडा नं ६ |
| | श्री वैकुण्ठ प्रसाद भण्डारी | वडा अध्यक्ष, वडा नं ७ |
| | श्री राम बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं ८ |
| | श्री हरि बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं ९ |
| | श्री जमुना पुन | कार्यपालिका सदस्य |
| | श्री मन कुमारी तामाङ | कार्यपालिका सदस्य |
| | श्री शर्मिला तामाङ | कार्यपालिका सदस्य |
| | श्री श्रीदेवी विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री राजु सार्कि | कार्यपालिका सदस्य |
| | श्री सुरेश परियार | कार्यपालिका सदस्य |

CS CamScanner

## मिति २०८०।०२।०३ को कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

प्रस्ताव नं १ : अंशु एण्ड अदिति कन्सट्रक्सनको निवेदन सम्बन्धमा ।

निर्णय नं १: प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. ०७९।०८० का लागि ठेक्का नं. MRM/NCB/GD/070/080/65 नयाँपुल दोविल्ला घाटको श्री अंशु एण्ड अदिति कन्स्ट्रक्सन सँग ठेक्का सम्झौता भई रकमको ५०% राजश्व दाखिला गर्ने समय म्याद मिति २०८० बैशाख मसान्त सम्म रहेकोमा उक्त कन्सट्रक्सनले आर्थिक मन्दिका कारण सोचे अनुरुप घाट नचलेकोले राजश्व दाखिलाको लागि केही थप समय माग गरेकोमा मिति २०८०।०२।१० गते भित्र बुझाउन बाँकी सम्पूर्ण राजश्व दाखिला गर्नेगरी म्याद थप गर्ने र उक्त समयभित्र राजश्व दाखिला नगरेमा सम्झौता र प्रचलित कानून बमोजिमको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.२: पशुहरुमा देखा परेको **Lumpy Skin** रोगको प्रभाव न्यूनिकरण सम्बन्धमा ।

निर्णय नं.२: प्रस्ताव नं. २ उपर छलफल गर्दा घरपालुवा पशुहरु गाई र भैसीमा देखा परी फैलिदै गईरहेको **Lumpy Skin** रोगबाट महामारी फैलिन नदिनको लागि गाई तथा भैंसीमा खोप लगाउन अति जरुरी देखिएकोले विशेष गरी गाउँपालिकाको सिमाक्षेत्र तथा प्रभावित क्षेत्रहरुका गाई तथा भैंसीमा खोप लगाउनको लागि ३००० डोज भ्याक्सिन खरिद प्रक्रिया तत्काल अघि–बढाउने र उक्त खोपके आर्थिक व्ययभार पशु सेवा शाखा अन्तर्गत हालसम्म कार्यान्वयनमा नआएका कार्यक्रमको लागि विनियोजित बजेटबाट व्यहोर्ने र खर्च अनुमोदन तथा रकमान्तरको लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३: विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन सम्बन्धमा ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ उपर छलफल गर्दा गाउँपालिकामा विपन्न नागरिकहरुको स्वास्थ्य वीमा कार्यक्रम सञ्चालनको लागि विनियोजित बजेटको परिधिभित्र रहनेगरी प्रत्येक वडाबाट प्राथमिकताको आधारमा बढीमा २० वटा घर परिवार छनोट गरी वडा समितिको निर्णय तथा वडा कार्यालयको सिफारिस संलग्न गरी २०८०।०२।१५ गते भित्र गाउँपालिकाको स्वास्थ्य शाखामा विवरण पठाउने निर्णय गरियो ।

प्रस्ताव नं ४ : भेडाबारी प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं ४ : प्रस्ताव नं. ४ उपर छलफल गर्दा भेडाबारी प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत, आठौं तहमा मिति २०८०।०१।०५ सम्म कार्यरत डा. सुरेश अधिकारी नवौं तहमा नियुक्त भई रमाना भैसकेकोमा उक्त दरबन्दी रिक्त रहेको हुंदा स्वास्थ्य केन्द्रमा १ जना डाक्टर तत्काल व्यवस्थापन गर्नुपर्ने देखिएकोले स्थायी मेडिकल अधिकृत हाजिर भई नआउँदा सम्मको लागि सेवा करार पदपूर्ति प्रक्रिया तत्काल अघि बढाउन ७ दिने सूचना प्रकाशन गरी मेडिकल अधिकृत, आठौं तह भर्ना गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

वेदहरि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं ५: स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको अध्ययन विदा सम्वन्धमा ।

निर्णय नं ५ : प्रस्ताव नं. ५ उपर छलफल गर्दा गाउँपालिकाका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको तलबी अध्ययन विदा स्वीकृत नगर्नेगरी यस अघि भएको निर्णयलाई निष्क्रिय गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ : वडा नं. २ मा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सम्वन्धमा ।

निर्णय नं ६ : प्रस्ताव नं. २ उपर छलफल गर्दा वडा नं. २ को सिफारिसपत्र तथा वित्तिय संस्थाहरुको सहमतिपत्र बमोजिम हालसम्म वडा नं. २ को सामाजिक सुरक्षा भत्ता एन.एम.बि. बैंक मार्फत भुक्तानी हुँदै आएकोमा आगामी आ.व. २०८०/०८१ बाट लागु हुनेगरी नेपाल फाइनान्स लि. शाखा कार्यालय, सार्दीखोला मार्फत वितरण हुनेगरी सम्झौता प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

प्रस्ताव नं ७ : शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

निर्णय नं ७ : प्रस्ताव नं. ७ उपर छलफल गर्दा मिति २०८०।०२।०२ को शिक्षा समितिले निर्णय गरी अनुमोदनको लागि पेश गरेको निर्णय देहाय बमोजिम हुनेगरी अनुमोदन गर्ने निर्णय गरियो ।

<u>देहायः</u>

क. विद्यालय समायोजन सम्बन्धमा ।

पालिकाले निर्माण गरेको सामुदायिक विद्यालय समायोजन तथा मिलान कार्यविधि,२०७९ बमोजिम मिति २०८०/०१/०३ गते तपसिल बमोजिमका विद्यालयलाई तह घटाउने निर्णय गरिएकोमा यस शैक्षिक सत्रमा विद्यालयमा विद्यार्थी भर्ना नै नभएको पाईएकोले उक्त विद्यालय र विद्यालयका शिक्षकलाई निम्नानुसार व्यवस्थापन गर्ने ।

| क्र.सं. | विद्यालयको नाम | विद्यालयको ठेगाना | २०८०/०१/०३ को कार्यपालिकाको निर्णय अनुसार कायम गरिएको तह )कक्षा( | समायोजन पछि कायम भएको तह )कक्षा( | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती आधारभूत विद्यालय | माछापुच्छ्रे -२, चौर | बालविकास केन्द्र र विद्यालय सहयोगी मात्र राख्ने | माछापुच्छ्रे मा.वि., सार्दिखोलामा समायोजन गर्ने । | विद्यालयमा विद्यार्थी संख्या नभएकोले । |
| २ | श्री सुदिन आधारभूत | माछापुच्छ्रे | कक्षा १-३ | बालविकास केन्द्र र | कक्षा १-३ मा विद्यार्थी |

निर्णय प्रमाणित
८०/०२/०३

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय | -४, भाटथर | | विद्यालय सहयोगी मात्र राखे | संख्या नभएकोले |

पुनश्च :समायोजन भएका विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई तपसिल बमोजिम हाललाई पुल दरबन्दीमा रहने गरी समायोजन गर्ने ।

तपसिल :

| क्र.सं. | विद्यालयको नाम | विद्यालयको ठेगाना | विद्यालयमा कायम रहेको दरबन्दी संख्या | समायोजन पछि दरबन्दी कायम गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती आधारभूत विद्यालय | माछापुच्छ्रे -२, चौर | बालविकास सहजकर्ता )श्री पवित्रा गुरुङ ( | श्री बालकल्याण आधारभूत विद्यालय, माछापुच्छ्रे -३, घाचोक | |
| | | | विद्यालय सहयोगी )श्री तिल बहादुर गुरुङ( | श्री माछापुच्छ्रे मा.वि., माछापुच्छ्रे –२, सार्दिखोला | |
| २ | श्री सुदिन आधारभूत विद्यालय | माछापुच्छ्रे -४, भाटथर | शिक्षक श्री जीवनाथ अधिकारी | श्री जनकल्याण आधारभूत विद्यालय, माछापुच्छ्रे –४, जोगिचौर | |
| | | | शिक्षक श्री पवित्रा देवी अधिकारी | श्री महेन्द्र माध्यमिक विद्यालय, माछापुच्छ्रे –४, लाहाचोक | |
| | | | शिक्षक श्री मिना पौडेल | श्री सुदिन आधारभूत विद्यालय, माछापुच्छ्रे –४, भिरकटेरा | |

निर्णय प्रमाणित
०८०/०२/०३

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

ख. गाउँ शिक्षा योजना निर्माण सम्बन्धमा ।

गाउँ शिक्षा समितिले निर्माण गरेको कार्यदललाई गाउँ शिक्षा योजना निर्माणमा सहजिकरण गर्नका लागि श्री केशरीरमण न्यौपानेलाई नियमानुसार पारिश्रमिकको व्यवस्था गर्ने गरी विज्ञको रुपमा मनोनयन गर्ने ।

प्रस्ताव नं ८ : गाउँपालिकाको लोगो सम्बन्धमा ।

निर्णय नं ८ : गाउँ कार्यपालिकाको कार्यालयले लोगोको नमूना पेश गर्नको लागि सूचना प्रकाशन गरे बमोजिम कूल २८ वटा लोगोका नमूना पेश भएकोमा नमूनाहरुको अध्ययन तथा अवलोकन गरियो । उक्त नमूनाहरु कुनैपनि चित्त बुझ्दो नभएको निश्कर्ष सहित पुन: दोस्रोपटक १५ दिने सूचना प्रकाशन गर्ने र पहिलो सूचना बमोजिम पेश भएका लोगोहरु समेत आवश्यक परिमार्जन सहित पुन: पेश गर्न सकिने निर्णय गरियो ।

प्रस्ताव नं ९ : प्राविधिक शिक्षा छात्रवृत्ति सम्बन्धमा ।

निर्णय नं ९ : श्री वराह माध्यमिक विद्यालय, माछापुच्छ्रे-६ भिंडावारीमा सन्चालित प्राविधिक शिक्षामा अध्ययन गर्ने माछापुच्छ्रे गाउँपालिका भित्रका छात्र छात्राहरुलाइ प्रत्येक वडाबाट बढीमा २ जनाको लागि वडा कार्यालयको सिफारिस र निजहरुको अध्ययन विवरणको आधारमा प्रति विद्यार्थी रु ४००००।- का दरले छात्रवृत्ति दिनेगरि आर्थिक वर्ष २०८०।०८१ मा बजेट व्यवस्थापन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं १० : रकम भुक्तानी सम्वन्धमा ।

निर्णय नं १० : प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाउँपालिकामा पेश भएका सिफारिस, निवेदन, प्रस्ताव तथा गाउँकार्यपालिकाले आवश्यक महशुस गरेका योजना तथा कार्यक्रमहरुमा देहाय बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो ।

देहाय:

| क.सं | योजना/कार्यक्रम/व्यक्ति तथा संघसंस्थाको नाम | भुक्तानी हुने रकम | बजेटको स्रोत |
|---|---|---|---|
| १ | साहुथर टोल क्रियापुत्री भवन सेफटी टंकी निर्माण, वडा नं ४ | ४४ हजार मात्र | प्रकोप व्यवस्थापन कोष |
| २ | न्यायिक समिति अनुभव आदान प्रदान तथा अवलोकन भ्रमण | बढीमा ५० हजार मात्र | असल अभ्यास आदान प्रदान तथा अवलोकन |

निर्णय प्रमाणित
२०८०।०२।०३

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | कार्यक्रममा नपुग रकम | | भ्रमण कार्यक्रम |
| ३ | निष्पक्ष मा.वि. पहिरो नियन्त्रण, वडा नं ५ | ५ लाख मात्र | प्रकोप व्यवस्थापन कोष |
| ४ | होम बहादुर दमाइ, वडा नं ८ | १०,०००।- | विपन्न नागरिक आर्थिक सहायता । |
| ५. | मिरा तिमिल्सिना, महाकाली बहुउद्धेश्यिय कृषि तथा पशुपक्षी फर्म् वडा नं ८ | २०,०००।- मात्र | प्रकोप व्यवस्थापन कोष |
| ६ | सुमित्रा दाहाल, सुमित्रा सम्झाना बहुउद्धेश्यीय कृषि तथा पशुपन्छी फर्म् वडा नं ८ | २०,०००।- | प्रकोप व्यवस्थापन कोष |
| ७ | बाटुले थर-धुपिको डिल तल्लो मोटर बाटो मर्मत सम्भार | ५०,०००।- | आवश्यकताका आधारमा सडक मर्मत सम्भार |
| ८ | गोरे दमै, घर मर्मत ,वडा नं. -६ | १०,०००।- | प्रकोप व्यवस्थापन कोष |
| ९ | पैयु समाज भवन निर्माण, वडा नं -२ | १,००,०००।- | गा.पा.को कन्टीन्जेन्सी रकमबाट |
| १० | नक्कली भण्डारी, वडा नं. ७ भान्सा कोठामा आगलागी | १५,०००।- | प्रकोप व्यवस्थापन कोष |
| ११ | श्याम बहादुर हमाल, वडा नं. ३ (आगलागी, शरीर जलेर उपचार गर्नुपर्ने) | १५,०००।- | विपन्न नागरिक आर्थिक सहायता |
| १२ | भिरकटेरा चौतारा खोर मुनीको जग्गा संरक्षण- वडा नं. ४ | ५०,०००।- | प्रकोप व्यवस्थापन कोष |
| १३ | खानेपानी व्यवस्थापन तथा मर्मत, वडा नं. ८ कोलेली | ३०,०००।- | प्रकोप व्यवस्थापन कोष |
| १४ | काङमाङ्ग देखि ओडारे सम्म | ३०,०००।- | आवश्यकताका आधारमा |

निर्णय प्रमाणित

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
२०८०।०२।०३

| | सडक निर्माण | | सडक मर्मत सम्भार |
|---|---|---|---|
| १५ | उपल्लो लस्ती सिँचाई कुलो मर्मत वडा नं. ४ | १,००,०००।- | आवश्यकताका आधारमा सिँचाई कुलो मर्मत |
| १६ | ओखरी बाँष्टन सिँचाई कुलो मर्मत वडा नं. ६ | १,००,०००।- | आवश्यकताका आधारमा सिँचाई कुलो मर्मत |
| १७ | श्री शिल्दु देउराली यूवा क्लब वडा नं. २ | २०,०००।- | अध्यक्षकप शीर्षकवाट |
| १८ | वडा नं. ८ र ९ जोड्ने कसिम खोला झोलुंगे पुल मर्मत सम्भार | ३५,५९५।- | प्रकोप व्यवस्थापन कोष |
| १९ | देवी प्रसाद विश्वकर्मा, आरन खरिद, वडा नं. ८ | १०,०००।- | विपन्न नागरिक आर्थिक सहायता |
| २० | लुम्रे टोल विकास संस्था फोहोर व्यवस्थापन, वडा नं. ८ | ५०,०००।- | फोहोर मैला व्यवस्थापन |
| २१ | पोखरी देखि नयाँ चौतारी फोहोरमैला व्यवस्थापन वडा नं. ७ | १,५०,०००।- | फोहोर मैला व्यवस्थापन |
| २२ | अस्थायी प्रहरी चौकी १ कोठे भवन निर्माण वडा नं. ६ | १,६०,०००।- | गा.पा.को कन्टीन्जेन्सी रकमबाट |

निर्णय प्रमाणित।
२०७०।०२।०३

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत